आज मिति २०७६।१२।२० गतेका यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - अध्यक्ष वडा नं. २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कुमलध्वज राई - " ६
९. श्री तेजराज तिम्सिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवि कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर " "
१५. श्री मदन कुमारी कार्की - " "
१६. श्री विमला राई - " "
१७. श्री अस्मिता नेपाली - " "
१८. श्री प्रमिला दनुवार - " "
१९. श्री सुन्दर प्रकाश साह - " "
२०. श्री सत्य नारायण हवलदार - प्रमुख प्रशासकीय अधिकृत
२१. श्री अम्बर ब. मगर - लेखापाल
२२. श्री बालकृष्ण आचार्य - सह-लेखापाल

प्रस्तावहरु

१. "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराइने राहत सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धमा।
२. राहत वितरण सम्बन्धमा।

Scanned by CamScanner

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा कोभिड-१९ को सम्भावित संक्रमणको कारण उत्पन्न विषम परिस्थितिमा श्रमिक वर्ग, अतिविपन्न तथा असहाय वर्गका लागि स्थानीय तह बाट उपलब्ध गराउने राहतको सम्बन्धमा यस नपाको मिति २०७६।१२।१६ गतेको नगर कार्यपालिकाको बैठकले राहत वितरण मापदण्ड तयार गरेको अवस्थामा मिति २०७६।१२।१६ गते नेपाल सरकारको सचिव-स्तरीय निर्णय बाट राहत वितरण सम्बन्धी नमुना मापदण्ड (कार्यविधि),२०७६ समेत आएको सन्दर्भमा केन्द्र बाट आएको उल्लेख नमुनाका केहि महत्वपूर्ण कुराहरुलाई यस नगरपालिकाको आवश्यकताको आधारमा नपाले तयार गरेको कार्यविधिमा आवश्यक थप वा संशोधन गरि यस नपा को "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी — कार्यविधि, २०७६" लाई सर्वसम्मति बाट निर्णय पारित गरियो ।

**नि.नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा नि.नं.१ बाट स्वीकृत कार्यविधि बमोजिम यस नपा का १० वटै वडामा सम्बन्धीत वडा अध्यक्ष ज्यूहरुको प्रत्यक्ष रोहवरमा मिति २०७६।१२।२० गते देखि राहत वितरण कार्य सञ्चालन गर्ने निर्णय गरियो । साथै राहत वितरण गर्दा हालको विषम परिस्थितिलाई मध्येनजर गर्दै कुनै प्रकारको भिडभाड नहुने गरि सामाजिक दुरी कायम गरि प्रभावकारी रुपमा राहत वितरण कार्य संचालन गर्न गराउने निर्णय गरियो ।

Scanned by CamScanner